आज मिति २०७२ मंसिर २० गते आइतबार दिनको २:०० बजे नि. कार्यकारी अधिकृत श्री राम गोविन्द श्रेष्ठको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्यसंचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसि निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. नि. कार्यकारी अधिकृत राम गोविन्द श्रेष्ठ अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. का.अ. गणेशलाल फोजू

३. जि.अ. रेभिड कुस्मा

४. पु.अ. भुपाल मूल

५. इ. ओमहरि था

६. शा.अ. अम्बिका धौभडेल

७. शा.अ. रत्नमाया बाला श्रेष्ठ

८. शा.अ. दिलिपकुमार सुवाल

९. प्रे.अ. काशिलाल प्रजापति

**बिषयहरुः**

१. बार्षिक प्रगती समिक्षा, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई प्रतिवेदन बारे ।

२. शिशु स्याहार केन्द्रहरुको शुल्क मिनाहा बारे ।

३. जिन्सी लगत कट्टा बारे ।

४. लिलाम बारे ।

निर्णयहरु :-

१. **उपरोक्त सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन २०५५, आर्थिक प्रशासन सम्बन्धी नियमावली र सुशासन व्यवस्थापन सम्बन्धी ऐन र तत् सम्बन्धी नियमावलीहरु अनुसार यस न.पा. को आ.व. २०७१।०७२ मा सम्पन्न गरेको विकास निर्माण सेवा प्रवाहबारे मिति २०७२ कार्तिक २९ र ३० गते भएको वार्षिक प्रगति समीक्षा, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम ख्वप कलेजमा सम्पन्न भई मिति २०७२।८।८ गते प्रतिवेदनहरु प्राप्त भई छलफल हुंदा उक्त प्रतिवेदनलाई अनुमोदन गरी तोकिएको समयभित्र स्थानीय विकास मन्त्रालय र अन्य सम्बन्धित निकायहरुबाट पठाई सार्वजनिक गर्ने निर्णय गरियो ।**

२. **यस न.पा.बाट संचालित शिशु स्याहार केन्द्रहरु मिति २०७२ बैशाख १२ गतेको भूकम्पको कारणले मिति २०७२।१।१३ गतेदेखि २०७२।३।२२ गतेसम्म बन्द रहेको हुंदा सो अवधिको शूल्क मिनाहा गरी पाऊं भनी अभिभावकहरुबाट निवेदन पेश भई छलफल हुंदा उक्त मितिमा शिशु स्याहार केन्द्रहरु बन्द रहेकोले बैशाख र जेष्ठ महिनाको दुई महिना शुल्क मिनाहा गर्ने निर्णय गरियो ।**

३. मिति २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्पबाट भक्तपुर नगरपालिकाको सामान स्टोर गरी राखेको लामो पाटी भत्किएको र त्यसपछि पटक पटकको पराकम्पनबाट समेत थप क्षति भएकोले पाटीमा स्टोर गरी राखेको निम्न लिखित सामानहरू नष्ट भएको, कामै नलाग्ने गरी विग्रेको र हराएको सामानहरू मिनाहा गरी लगत कट्टा गरी पाउं भनी जिन्सी उपशाखाबाट प्रतिवेदन सहितको निवेदन पेश भएकोमा मुद्दा उपशाखाबाट मिति २०७२।६।१२ गते स्थानीयबासीहरू, जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, भ.न.पा. प्रशासन शाखा र जिन्सी उपशाखाका प्रतिनिधिमरूको रोहवरमा स्थलगत निरीक्षण गर्दा निम्न लिखित सामानहरू कुनै नष्ट भएको, कुनै हराएको र कतिपय बचेको सामानहरू कामै नलाग्ने गरी विग्रेकोले सिं.नं. १ देखि ३६ सम्मका सामानहरू मिनाहा गरी गत कट्टा गरी दिन मनासिब भएको ब्यहोरा उल्लेख भई सर्जमिन भई आएकोले उक्त सामानहरू मिनाहा गरी निन्सी किताबबाट लगत कट्टा गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | सामानको नाम | जि खा नं | परिमाण | एकाई | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्लग | ६४ | ७ | वटा | |
| २. | झोला | ६७ | ५६ | वटा | प्रशिक्षार्थीहरूबाट प्राप्त |

| | | | | |
|---|---|---|---|---|
| ३. बर्षादी | ६९ | ४ | वटा | |
| ४. छाता | ७२ | ७ | वटा | |
| ५. एप्रोन | ७४ | ८ | वटा | |
| ६. जुत्ता | ७५ | २ | वटा | पियनहरूको छालाको जुत्ता |
| ७. फिल्म रोल | ७७ | १० | वटा | |
| ८. क्यासेट चक्का | ८३ | ९ | वटा | |
| ९. सानो ब्यात्री यूपिएस | ८४ | ४ | वटा | |
| १०. हेड गार्ड | ८५ | ८ | वटा | |
| ११. १० औंस ग्लोब | ८७ | १० | जोर | |
| १२. स्किपिङ्ग रोप | ९२ | ५ | वटा | |
| १३. वल्व २५० वाट | ९९ | १० | वटा | |
| १४. वल्व १५० वाट | १०० | ९ | वटा | |
| १५. वलाष्ट १५० वाट | १०१ | १४ | वटा | |
| १६. होल्डर २५० वाट | १०२ | १ | वटा | |
| १७. होल्डर १२५ वाट | १०३ | ३२ | वटा | |
| १८. ईग्नेटर | १०४ | ६ | वटा | |
| १९. क्यापासिटर | १०५ | २ | वटा | |
| २०. क्यपासिटर एफ | १०६ | १७ | वटा | |
| २१. एमसिवि स्विच | १०७ | १ | वटा | |
| २२. स्विच | १०८ | ३ | वटा | |
| २३. माक्स | १०९ | १ | वटा | |
| २४ सेलोटेप | ११३ | ३ | वटा | |
| २५. प्लाष्टिक कभर | ११४ | ९० | वटा | |
| २६. पेचकिल्ला | ११५ | १५० | वटा | |

| | | | | |
|---|---|---|---|---|
| २७. स्टिप ल्याम्प | ११६ | २ | वटा | |
| २८. झण्डा | १२० | १ | वटा | |
| २९. रिभलिङ्ग चियर | १।२९ | ४ | वटा | |
| ३० कुशन मेच | १।१३ | ३ | वटा | |
| ३१ लाईब्रेरी मेच | १।४ | २ | वटा | |
| ३२ काठको ऱ्याक | १।२६ | २ | वटा | |
| ३३ स्टिल ऱ्याक | २६ | ७ | वटा | |
| ३४. कम्पोष्ट वीन | | ४ | वटा | हराएको |
| ३५. कम्पोष्ट विन | | १९ | वटा | काम नलाग्ने गरी बिग्रेको |
| ३६. प्लाष्टिक बाल्टिन | | २५ | वटा | |

४. निम्न लिखित सामानहरू पुरानो भई काम नलाग्ने भएको भनी मिति २०७१।७।१७ गते र मिति २०७१।१२।२२ गते गोरखापत्रमा पटक पटक लिलाम गर्न विज्ञापन प्रकाशित गर्दा समेत लिलाम नभएकोले तोकिएको न्यूनतम दररेटमा ५० प्रतिशत घटाई लिलाम गर्न जिन्सी शाखाबाट पेश भएको टिप्पणीमा छलफल हुंदा उक्त सामानहरूको पहिला तोकिएको न्यूनतम दररेटमा ५० प्रतिशत घटाई न्यूनतम दररेट कायम गरी लिलामको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | विवरण | लिलाम गर्नु पर्ने संख्या | पुरानो न्यूनतम दर | हाल कायम हुने न्यूनतम दर | कैफियत |
|---|---|---|---|---|---|
| | **फर्निचर** | | | | |
| १ | रिभलिङ्ग चियर | ५ | २१२५।०० | १०६२।५० | काम नलाग्ने |
| | **सवारी साधन** | | | | |
| १ | मोटर नं. (८६०५,८६०६र८८०) | ३ | २०४०००।०० | १०२०००।०० | कवाडीमा |
| | | | | | |

| **मेशिनरी औजार र यन्त्र** | | | | | |
|---|---|---|---|---|---|
| १ | पंखा | १५ | एकमुष्ट २८०५००।०० | एकमुष्ट १४०२५०।०० | काम नलाग्ने |
| २ | क्यालकुलेटर | १२७ | | | ,, |
| ३ | भिते घडी | २६ | | | ,, |
| ४ | टाइपराइटर | १९ | | | पुरानो मोडेल |
| ५ | किरोसियन हिटर | २० | | | काम नलाग्ने |
| ६ | टि.भी. | ४ | | | पुरानो मोडेल |
| ७ | टेलिफोन सेट | ९० | | | काम नलाग्ने |
| ८ | गाग्री | १ | | | काम नलाग्ने |
| ९ | क्यामेरा | १० | | | पुरानो मोडेल |
| १० | डुब्लिकेटिङ्ग मेशिन | २ | | | पुरानो मोडेल |
| ११ | रेडियो | ३ | | | काम नलाग्ने |
| १२ | कफी मिक्सचर | १ | | | पुरानो मोडेल |
| १३ | फोटोकपी मेशिन | ४ | | | पुरानो मोडेल |
| १४ | कर्डलेस फोन | ३ | | | पुरानो मोडेल |
| १५ | नेभल भिडियो क्यामेरा | २ | | | पुरानो मोडेल |
| १६ | चेक राइटर | १ | | | काम नलाग्ने |
| १७ | मुभि क्यामेरा स्टायण्ड | १ | | | काम नलाग्ने |
| १८ | भ्याकुम क्लिनर | ५ | | | काम नलाग्ने |
| १९ | कम्प्युटर सेट | २९ | | | काम नलाग्ने |
| २० | लेजर र इप्सन प्रिन्टर | ८ | | | पुरानो मोडेल |
| २१ | यू.पि.एस. | १० | | | काम नलाग्ने |
| २२ | भोल्टगार्ड/स्टेपलाइजर | २१ | | | काम नलाग्ने |
| २३ | इवात्सु कि टेलिफोन सिष्टम | १ | | | काम नलाग्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | फ्याक्स मेशिन | ४ | | | काम नलाग्ने |
| २५ | प्लेट मेकर | १ | | | पुरानो मोडेल |
| २६ | कपी होल्डर | १ | | | काम नलाग्ने |
| २७ | औजा हाइण्ड माइक | ८ | | | काम नलाग्ने |
| २८ | भिडियो डेक | ६ | | | पुरानो मोडेल |
| २९ | इन्लार्जर | २ | | | काम नलाग्ने |
| ३० | डेभलोपिङ्ग टाङ्क | १ | | | काम नलाग्ने |
| ३१ | फोटो धुलाई प्लेट | ३ | | | काम नलाग्ने |
| ३२ | फिल्टर क्यामेरा | ६ | | | काम नलाग्ने |
| ३३ | पम्प (स्प्रे) मेशिन | १८ | | | काम नलाग्ने |
| ३४ | मोबाइल फोन | ११ | | | पुरानो मोडेल |
| ३५ | स्क्यानर | २ | | | काम नलाग्ने |